# सिमकोट गाँउपालिका, हुम्ला

## स्थानीय राजपत्र

खण्ड: १ संख्या : ८ संख्या : २

**परम्परागत उपचार पद्धति (सोवा रिग्पा) संरक्षण तथा व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०८१**

गाँउसभाबाट स्वीकृत मिति: २०८१/०९/१७

**गाउँसभाबाट पारित मिति :** २०८१/०२/१२

नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम सिमकोट गाउँसभाले यो ऐन बनाएको छ:

विजय भण्डारी
अध्यक्ष

# परम्परागत उपचार पद्धति (सोवा रिग्पा) संरक्षण तथा व्यवस्थापन सम्बन्धमा बनेको ऐन, २०८१

**प्रस्तावना:**

स्वस्थ जीवनयापन गर्न र बाँच्न पाउने नागरिकको नैसर्गिक हक, अधिकारलाई आत्मसाथ गर्दै. नागरिकको शारीरिक, मानसिक तथा सामाजिक विकासका लागि स्वच्छ, स्वस्थ एवं सुरक्षित वातावरणमा गुणस्तरीय स्वास्थ्य सेवाको अपरिहार्यतालाई मनन गर्दै आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागतर ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवको आधारमा गरिने परम्परागत सोवा रिग्या उपचार प्रतिको आदिवासी जनजाति र स्थानीय समुदायको आस्था, विश्वास र यसबाट प्राप्त हुने असररहित स्वास्थ्य लाभलाई व्यवस्थित, संरक्षण, संवर्धन र प्रवर्धन गर्न यस गाउँपालिकामा सदियौंदेखि स्वास्थ्य उपचारका लागि अभ्यास एवं प्रचलनमा रहेको आदिवासी जनजातिको औषधी उपचार सम्बन्धी आदिम ज्ञान, सीप र अभ्यासको रूपमा रहेको सोवा रिग्पा उपचार पद्धति र परम्पराको संरक्षण, संवर्धन र प्रवर्धन गरी स्थानीय तहमा व्यवस्थित, जनमुखी र प्रभावकारी बनाउनका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२१ र २२६ तथा सोही संविधानको अनुसूची ७ र अनुसूची ९ मा उल्लिखित स्थानीय तहको स्वास्थ्य सम्वन्धी अधिकारलाई कार्यान्वयन गर्न स्थानीय सरकार सञ्चालन ऐन,

## परिच्छेद-१
## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(क) यो ऐनको नाम "सोवा रिग्पा संरक्षण तथा व्यवस्थापन ऐन, २०८१ रहेको छ।

(ख) यो ऐन सिमकोट गाउँपालिकामा लागु हुनेछ।

(ग) यो ऐन गाउँसभाबाट पारित भइ स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा: विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "आदिवासी जनजाति" भन्नाले आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ मा परिभाषित भएका आदिवासी जनजातिलाई जनाउनेछ ।

विजय भण्डारी
अध्यक्ष

CamScanner

(ख) "सोवा रिग्पा उपचार विधि" भन्नाले बौद्ध परम्परा अनुसार र हिमाली क्षेत्रमा सदियौंदेखि अभ्यास र प्रचलनमा रहेको जडीवुटी चार तन्त्र (घ्युसी), पाँच तत्व अन्य प्राकृतिक स्रोत र अकुपञ्चर मोक्सानेसान, वेनिसेक्सान, तथा विभिन्न थेरापी विधिको सम्मिश्रणबाट उपचार गरिने परम्परागत ज्ञान, सीप र अभ्यासलाई जनाउनेछ।

(ग) सोवा रिग्पा आम्ची" भन्नाले सोवा रिग्पा सम्बन्धी औपचारिक शिक्षा लिइ वा परम्परागत ज्ञानमा आधारित भइ सोवा रिग्पा विधिबाट उपचार गर्ने चिकित्सक तथा स्वास्थ्यकर्मीलाई जनाउनेछ।

(घ) "सोवा रिग्पा संरक्षण समिति" भन्नाले सोवा रिग्पा उपचार विधिलाई संरक्षण, संवर्धन, प्रवर्धन, उत्थान, प्रोत्साहन, विकास र विस्तार गर्न दफा ५ बमोजिम वडा स्तरमा गठन हुने समितिलाई जनाउनेछ।

(ङ) ऐन" भन्नाले सोवा रिग्पा संरक्षण तथा व्यवस्थापन ऐन, २०८० लाई जनाउनेछ।

(च) "कार्यपालिका" भन्नाले सिमकोट गाउँपालिकाको कार्यपालिकालाई जनाउनेछ।

(छ) "गाउँपालिका" भन्नाले सिमकोट गाउँपालिकालाई जनाउनेछ।

(ज) "गाउँपालिका क्षेत्र" भन्नाले सिमकोट गाउँपालिकाको सम्पूर्ण भूभागलाई जनाउनेछ।

(झ) "परम्परागत ज्ञान, सीप र अभ्यास" भन्नाले जैविक विविधता र जडीबुटी लगायतका प्राकृतिक स्रोतको संरक्षण तथा दिगो उपयोग गर्न र परम्परागत जीवनशैलीलाई मूर्तरूप दिनका लागि आदिवासी जनजाति र स्थानीय समुदायले परापूर्वकालदेखि अवलम्बन गर्दै आएका परम्परागत ज्ञान, सीप र अभ्यासहरूलाई जनाउनेछ।

(ञ)"प्रथाजनित नियम" भन्नाले आदिवासी जनजाति र स्थानीय समुदायले आफ्नो रीतिरिवाज, धर्म, संस्कृति र परम्परा अनुसार आफ्नो हितका लागि सदियौंदेखि अभ्यास गर्दै आएका नियमहरूलाई जनाउनेछ।

(ट) "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनाइएका नियममा तोकिए बमोजिम जनाउनेछ।

## परिच्छेद-२
## सोवा रिग्पा नियमन र व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. सोवा रिग्पा प्रमाणपत्र लिनुपर्ने:**

(क) सोवा रिग्पा विधिवाट स्वास्थ्य सेवा प्रदान गर्न चाहने सोवा रिग्पाले सम्बन्धित संघ, संस्था वा निकायबाट सोवा रिग्पाको रूपमा स्वास्थ्य उपचार गर्ने योग्यताको प्रमाणपत्र लिएको हुनु पर्नेछ।

तर विगत तीन पुस्तादेखि परम्परागत रूपमा सोवा रिग्पा विधिवाट स्वास्थ्य उपचार गर्दै आएको अभिलेख वा अभ्यास भएका परिवारका सोवा रिग्पा र सोवा रिग्पा अभ्यासकर्ताबाट परम्परादेखि दीक्षित भएका सोवा रिग्पाले सोवा रिग्पा विधिवाट स्वास्थ्य उपचार गर्न त्यस्तो प्रमाणपत्र लिनुपर्ने छैन्।

(२) उपदफा (१) को प्रतिबंधात्मक वाक्यांशमा जुनसुकै कुरा उल्लेख भएको भएता पनि तीन पुस्तादेखि परम्परागत रूपमा सोवा रिग्पा विधिवाट स्वास्थ्य उपचार गर्दै आएको वा सोवा रिग्पा अभ्यासकर्ताबाट

विजय भण्डारी
अध्यक्ष

## परिच्छेद-३
## सोवा रिग्पा संरक्षण समिति

**६. सोवा रिग्पा संरक्षण समितिको गठनः**

(क) गाउँपालिका क्षेत्रमा रहेका सोवा रिग्पा स्वास्थ्य संस्था सञ्चालन गर्ने गरी दर्ता भएका संस्था वा व्यक्तिले आपसी समन्वय र सहकार्यका लागि गाउँपालिका स्तरमा सोवा रिग्पा सरक्षण समितिको गठन गर्न सक्नेछन् ।

उपदफा (१) बमोजिमको समितिमा सोवा रिग्पा स्वास्थ्य संस्था सञ्चालनमा संलग्न संस्था वा व्यक्तिले छानेका देहाय बमोजिमका पदाधिकारी र सदस्यहरू रहने छन्:

| | |
|---|---|
| १. अध्यक्ष | -१ जना |
| २. उपाध्यक्ष | -१ जना |
| ३. सचिव | -१ जना |
| ४. कोषाध्यक्ष | -१ जना |
| ५. सदस्य | -बढीमा ७ जना |

(ग) उपदफा (२) समितिका पदाधिकारीहरूको छनोट प्रक्रिया सोवा रिग्पा स्वास्थ्य संस्था सञ्चालनमा सलग्न संस्था वा व्यक्तिहरू आफैले निर्धारण गरे बमोजिम हुनेछ।

घ) सोवा रिग्पा संरक्षण समितिका पदाधिकारीको पदावधि बढीमा पाँच वर्षको हुनेछ।

७. सोवा रिग्पा संरक्षण समितिको दर्ताः

(क) दफा ६ बमोजिमको समिति गठन भएपछि सोको दर्ताको लागि गाउँ कार्यपालिकामा निवेदन दिन सकिनेछ।

(ख) उपदफा (१) बमोजिम निवेदन परेमा प्रशासकीय प्रमुखले अध्ययन गरी उक्त समिति दर्ता गर्न उपयुक्त देखिएमा दर्ता गरी निर्धारित ढाँचामा प्रमाणपत्र दिनु पर्नेछ।

(ग) सोवा रिग्या संरक्षण समितिको एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा प्राप्त गर्न सकिने आर्थिक सहयोग र कोषको सञ्चालन सम्बन्धी व्यवस्था सोही समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

८. सोवा रिग्पा संरक्षण समितिका कार्यहरुः

(क) सोवा रिग्पा संरक्षण समितिले मुख्य रूपमा सोवा रिग्पा उपचार विधि र सेवाको विकास, बिस्तार, प्रवर्धन र क्षमता विकासका कार्य गर्नेछ।

(ख) उपदफा (१) को प्रयोजनका लागि सोवा रिग्पा संरक्षण समितिले गाउँपालिका, स्वास्थ्य सम्बन्धी सम्बन्धित निकाय, सोवा रिग्पा स्वास्थ्य संस्थाहरू र अन्य सरोकारवालाहरूसँग परामर्श गरी देहायका विषयहरू सामावेश गरी कार्ययोजना तर्जुमा गर्न सक्नेछः

१. कार्ययोजना तयार गर्नुको लक्ष्य तथा उद्देश्य र रणनीतिहरू

२. सोवा रिग्पा संरक्षण, विकास र विस्तार गर्न आवश्यक पर्ने कार्यको विवरण

३. सोवा रिग्पा संरक्षण समितिले स्थानीय स्तरमा सञ्चालन गर्ने कार्यक्रमको विवरण

४. कार्य योजना लागु गर्न आवश्यक पर्ने जनशक्ति र आर्थिक श्रोत

विजय भण्डारी
अध्यक्ष

५. संरक्षण क्षेत्रसम्बन्धी योजना अनुसार उपलब्ध हुन सक्ने सहयोगको विवरण

६. अन्य आवश्यक विवरणहरू

(ग) उपदफा (२) बमोजिम तयार भएको कार्ययोजना गाउँपालिकामा पेस गरी स्वीकृत गराइ कार्यान्वयन गर्न सकिनेछ।

(घ) उपदफा (३) बमोजिम स्वीकृत भएको कार्ययोजना कार्यान्वयन गर्ने जिम्मेवारी सोवा रिग्पा संरक्षण समिति र सोवा रिग्पा स्वास्थ्य संस्थाहरू र यस पेशामा संलग्नको हुनेछ र यसका लागि गाउँपालिकाले आफै वा अन्य संघ, संस्था मार्फत आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(ङ) सोवा रिग्पा संरक्षण समितिले सोवा रिग्पा सम्बन्धी सोवा रिग्पा स्वास्थ्य संस्थाहरू तथा सञ्चालकसँग समन्वय गर्ने, सोवा रिग्पा स्वास्थ्य संस्था दर्तामा सहजीकरण गरी दर्ता भएका स्वास्थ्य संस्थाहरूको अभिलेख राखे र आफ्ना सदस्यहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता कार्य गर्न सक्नेछ।

९. जडीबुटीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नेः

(१) गाउँपालिकामा रहेको वन क्षेत्र, जडीबुटी क्षेत्र, झाडी बुट्यान क्षेत्र र खर्क क्षेत्रको हैसियत र क्षेत्रफल घट्न नदिई सोवा रिग्पा स्वास्थ्य उपचारसँग सम्बन्धित जडीबुटीको संरक्षण, संवर्धन र प्रवर्धन गर्न गाउँपालिका र संरक्षण सम्बन्धी निकायहरूसँग समन्वय र सहकार्य गरी सोवा रिग्पा संरक्षण समितिले देहाय बमोजिमका कार्य गर्न सक्नेछः असरलाई न्यूनीकरण गर्न समुदायस्तरमा जलवायु अनुकूलका योजना तर्जुमा र कार्यान्वयन

क) जलबायु परिवर्तनका कारण हिमाली क्षेत्रका जडीबुटी र मानव स्वास्थ्यमा पर्ने गरेको (

गर्नका लागि गाउँपालिका, स्थानीय समुदाय र सम्बन्धित निकायसँग समन्वय गर्ने।

(ख) कुनै पनि वन तथा खर्कमा डढेलो लागि जडीबुटि नष्ट हुन लागेमा डढेलो निभाउन समुदाय परिचालन गर्ने तथा उक्त कार्यको लागि सम्बन्धित निकायको सहयोग लिने।

(२) सोवा रिग्पा सेवालाई प्रभावकारी बनाउनका लागि जडीबुटी व्यवस्थापन र सोबा रिग्पा शिक्षाको विकास हुनेगरी गाउँपालिकाले देहायका कार्य गर्नेछः

(क) स्थानीय युवाहरूलाई जडीबुटी खेती र सोवा रिग्पा सेवामा संलग्न हुनका लागि उच्च शिक्षा हासिल गर्न छात्रवृत्तिको व्यवस्था गर्ने।

(ख) सोवा रिग्पा सेवालाई विद्यालय शिक्षामा समावेश गराउन सहजीकरण गर्ने र सोवा रिग्पासँग सम्बन्धित भाषाको संरक्षण गर्ने।

(३) गाउँपालिका र विभिन्न संघ संस्था वा परियोजना तथा आयोजना तथा आयोजनाहरूले उपदफा (१) र (२) का विभिन्न खण्डहरूमा उल्लिखित कार्य सोवा रिग्पा संरक्षण समितिमामार्फत सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ।

## परिच्छेद-४

## सोवा रिग्पा स्वास्थ्य संस्थाको गुणस्तर र अनुपात

विजय भण्डारी

परम्परादेखि दीक्षित भएको अभिलेख वा अभ्यास भएका परिवारका सदस्यहरूमध्ये परम्परागत सोवा रिग्पा विधिवाट स्वास्थ्य सेवा प्रदान गर्ने ज्ञान, सीपको निरन्तर अभ्यासमा नरहेका व्यक्तिले उपदफा (१) बमोजिमको प्रमाणपत्र प्राप्त नगरी सोवा रिग्पा उपचार गर्न पाउने छैन।

४.सोवा रिग्पा स्वास्थ्य संस्था सञ्चालन अनुमति लिनुपर्नेः

१. गाउँ कार्यपालिकाबाट निर्धारित मापदण्ड पूरा गरी कुनै सोवा रिग्पा अम्चीले गाउँपालिका क्षेत्रभित्र सोवा रिग्पा विधिबाट संस्थागत रूपमा निजी, गैरसरकारी, सामुदायिक वा सहकारी संस्थाका माध्यमबाट स्वास्थ्य संस्था सञ्चालन गरी परम्परागत सोवा रिग्या स्वास्थ्य सेवा प्रदान गर्न चाहेमा त्यस्तो सेवा सञ्चालनका लागि गाउँकार्यपालिकले देहाय बमोजिमका सोवा रिग्या स्वास्थ्य संस्था सञ्चालनका लागि इजाजतपत्र दिन सक्नेछः

(क) प्राथमिक सोवा रिग्पा उपचार केन्द्र

(ख) सोवा रिग्पा क्लिनिक

(ग) सोवा रिग्पा औषधी पसल

(घ) सोवा रिग्पा सामुदायिक स्वास्थ्य केन्द्र

(ङ) सोवा रिग्पा पुनःस्थानापना केन्द्र

(च) सोवा रिग्या योजना केन्द्र

(छ) सोवा रिग्या औषधी उत्पादनसम्बन्धी लघुउद्यम

२. उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका कार्य एउटै संस्थाले गर्न पाउने गरी र खण्ड (ङ) र (च) बमोजिमका कार्य एउटै संस्थाले गर्न पाउने गरी सोवा रिग्पा स्वास्थ्य संस्था दर्ता गर्न सकिनेछ।

३. इजाजतपत्र प्राप्त नगरी निजी वा गैरसरकारी सोवा रिग्पा स्वास्थ्य संस्थाले सोवा रिग्पा उपचारसँग सम्बन्धीत कुनैपनि कार्य गर्न पाउने छैन।

४. उपदफा (१) बमोजिमका सोवा रिग्या स्वास्थ्य संस्था सञ्चालनको अनुमति लिन वा नवीकरण गर्न गाउँ कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ।

५. गाउँ कार्यपालिकाले उपदफा (४) बमोजिम दिइने निवेदनको ढाँचा र तिर्नुपर्ने दस्तुर निर्धारण गर्न सक्नेछ।

६. औपचारिक शिक्षाका माध्यमबाट सोवा रिरपाको प्रमाणपत्र प्राप्त सोवा रिग्पाको हकमा निजले सोवा रिग्पाको प्रमाणपत्र प्राप्त गरी कुनै सोवा रिग्पा स्वास्थ्य संस्थामा तीन वर्षसम्म काम गरेको अनुभव प्राप्त गरेपछि मात्र सोवा रिग्पा स्वास्थ्य संस्था दर्ता गर्न पाउनेछ।

७. सोवा रिग्पा विधिबाट स्वास्थ्य उपचार गर्नेगरी स्वास्थ्य संस्था दर्ता गर्नका लागि देहायका विवरणहरू उल्लेख गरी गाउँ कार्यपालिकामा निवेदनमा दिनु पर्नेछः

क) स्वास्थ्य सेवा प्रदान गर्ने सोवा रिग्पा उपचार दिने व्यक्ति वा संस्थाको नाम (
र ठेगाना

(ख) प्रदान गरिने स्वास्थ्य सेवा तथा उपचारहरूको विवरण

(ग) लगानी तथा आर्थिक स्रोत

(घ) सोवा रिग्पा स्वास्थ्य संस्थामा उपलब्ध हुन सक्ने सामग्री तथा औजारहरू

(ङ) प्रमाणपत्र प्राप्त वा अनुभव प्राप्त जनशक्ति।

८. उपदफा (७) बमोजिमको निवेदनका साथमा देहाय बमोजिमका कागजातहरू पेस गर्नु पर्नेछः

(क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

(ख) सोवा रिग्पा विधिबाट स्वास्थ्य सेवा प्रदान गर्नका लागि कुनै औपचारिक शिक्षा वा तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि। (ग) परम्परागत ज्ञानमा आधारित भए सो ज्ञानको अभिलेख र अनुभवको समयावधि

(घ) संस्था दर्ता गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि।

९. उपदफा (७) बमोजिमको विवरण सहितको निवेदन र उपदफा (८) बमोजिमका कागजातहरू पेस हुन आएमा गाउँपालिकाको स्वास्थ्य सम्बन्धी समितिले निवेदन परेको पन्ध्र दिन भित्र आवश्यक अनुगमन गरी निर्धारित मापदण्ड पूरा गरे नगरेको आवश्यक अध्ययन गरी सोवा रिग्पा स्वास्थ्य संस्था सञ्चालन गर्न इजाजतपत्र प्रदान गर्नका लागि प्रशासकीय प्रमुख समक्ष पन्ध्र दिन भित्रमा सिफारिस गर्नुपर्नेछ।

१०. उपदफा (९) बमोजिमको सिफारिसका आधारमा सोवा रिग्या स्वास्थ्य संस्था दर्ता गरी इजाजतपत्र प्रदान गर्न उपयुक्त देखिएमा गाउँपालिकाको प्रशासकीय प्रमुखले सिफारिस प्राप्त भएको मितिले सात दिन भित्रमा सोवा रिग्पा स्वास्थ्य संस्था दर्ता गरी सोवा रिग्पा स्वास्थ्य संस्था सञ्चालन इजाजतपत्र प्रदान गर्नुपर्नेछ।

११. गाउँपालिकामा दर्ता भएका सोवा रिग्पा स्वास्थ्य संस्थाबाट स्वास्थ्य उपचार सेवा प्रदान गर्ने संस्था वा व्यक्तिहरूको विवरण सम्बन्धित स्वास्थ्य संस्थाले राखु पर्नेछ।

१२. कुनै कारणले सोवा रिग्पा स्वास्थ्य संस्था वन्द गर्नुपर्ने वा गाउँपालिकाको क्षेत्रवाट अन्यत्र सार्नुपर्ने भएमा गाउँ कार्यपालिकाबाट अनुमति लिनुपर्नेछ।

**५. सोवा रिग्पा स्वास्थ्य संस्था दर्ताका लागि सिफारिस लिनुपर्नेः**

गाउँपालिकाको क्षेत्रभित्र सोवा रिग्पा स्वास्थ्य संस्था दर्ता गरी सञ्चालन गर्नका लागि गाउँ कार्यपालिकाले आवश्यक परेमा सम्बन्धित वडाको सिफारिस माग गर्न सक्नेछ।

विजय भण्डारी
अध्यक्ष

CamScanner

१०. **गुणस्तर र पूर्वाधार मापदण्ड पूरा गर्नुपर्ने**: (१) गाउँपालिकाको क्षेत्रभित्रका सबै सोवा रिग्पा स्वास्थ्य संस्थाहरूका लागि नेपाल सरकारले बनाएको स्वास्थ्य सेवा सम्बन्धी मापदण्डको अधीनमा रही परम्परागत स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन गाउँपालिकाले सोवा रिग्पा स्वास्थ्य सेवा गुणस्तर मापदण्ड र सोवा रिग्पा स्वास्थ्य संस्था पूर्वाधार मापदण्ड सम्बन्धी निर्देशिका बनाइ लागु गर्न सक्नेछ।

(२) गाउँपालिकाको क्षेत्रभित्र रहेका सोवा रिग्पा स्वास्थ्य संस्थाले उपदफा (१) बमोजिमका मापदण्ड अनुरूप सेवाको गुणस्तर कायम गर्नु पर्नेछ।

११. **अनुगमन गर्ने**: (१) गाउँ कार्यपालिकाको स्वास्थ्य सम्बन्धी समितिले यस ऐनको दफा ४ बमोजिम सञ्चालन अनुमति लिइ गाउँपालिकाको क्षेत्रभित्र सञ्चालनमा रहेका सोबा रिग्पा स्वास्थ्य संस्था र परम्परागत रूपमा सोवा रिग्पा उपचार प्रदान गर्दै आएका सेवाको गुणस्तर लगायतका विषयमा वर्षको कम्तीमा एक पटक र आवश्यकता अनुसार जुनसुकै समयमा पनि अनुगमन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा विभिन्न निकायको सहयोग लिनुका साथै सोवा रिग्पा सम्बन्धी विज्ञता भएको वा अनुभवी व्यक्तिलाई सम्मिलित गराउनु गर्नेछ।

(३) अनुगमनका क्रममा सोवा रिग्पा सम्बन्धी पूर्वाधार तथा गुणस्तर मापदण्ड पालना नगरिएको पाइएमा अनुगमन गर्ने समितिले सोको प्रतिवेदन बनाइ आवश्यकता अनुसार सम्बन्धित सोवा रिग्पा स्वास्थ्य संस्था बन्द गर्न वा सुधार गर्न वा कारबाहीका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ।

(४) अनुगमन तथा अनुसन्धानका आधारमा कुनै सोवा रिग्पा संस्थाले मापदण्डको पालना नगरेको कारण जनस्वास्थ्यमा प्रभाव पर्ने देखेमा गाउँ कार्यपालिकाले त्यस्तो सोवा रिग्पा स्वास्थ्य संस्थामा सुधारका लागि निर्देशन दिन वा बन्द गर्ने सम्मको आदेश दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम कुनै सोवा रिग्पा संस्था वन्द गर्ने निर्णय गर्नुपूर्व उक्त संस्थालाई आफ्नो भनाइ पेस गर्नेगरी बढीमा १५ दिनको समय दिइ सुनुवाइको मौका दिनुपर्नेछ।

१२. सेवा शुल्क निर्धारण र पुनराबलोकनः (१) गाउँ कार्यपालिकाले गाउँपालिका भित्रको सोवा रिग्पा स्वास्थ्य संस्थाहरूले प्रदान गर्ने सेवाको सेवाशुल्क सम्बन्धी मापदण्ड बनाइ अधिकतम शुल्क निर्धारण तथा पुनरावलोकन गर्न सक्नेछ र सोको कार्यान्वयन भए नभएको नियमित रूपमा अनुगमन गर्न सक्नेछ।

(२) कुनै पनि सोवा रिग्पा स्वास्थ्य संस्थाले उपदफा (१) विपरीत नहुने गरी आफ्ना सेवाको शुल्क परिवर्तन गर्नुपर्ने भएमा सोको आधार खुलाइ गाउँ कार्यपालिका समक्ष पूर्वजानकारी गराइ अनुमति लिनु पर्नेछ।

## परिच्छेद-५

## कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था

१३. **कसुर गरेको मानिने**: (१) कसैले देहाय बमोजिमको कार्य गरेमा यो ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ:
(क) दफा ४ बमोजिम इजाजतपत्र नलिइ सोवा रिग्पा स्वास्थ्य संस्था सञ्चालन गरेमा,
(ख) सोवा रिग्पा स्वास्थ्य उपचार सेवा प्रदान इन्कार गरेमा,
(ग) स्वास्थ्य संस्थामा उपलब्ध हुने आधारभूत सोवा रिग्पा स्वास्थ्य सेवा तथा आकास्मिक उपचार नगरेमा,
(घ) सेवाग्राहीलाई समान व्यवहार नगरेमा,
(ङ) सेवाग्राहीको गोपनीयता कायम नगरिएमा,
(च) सोवा रिग्पा स्वास्थ्य संस्थालाई यो ऐन अन्तर्गतको कर्तव्य निर्वाहमा वाधा अड्चन उत्पन्न गरेमा,
(छ) यो ऐन तथा यस ऐन अन्तर्गतको नियम, मापदण्ड, निर्देशिका र कार्यविधि पालना नगरेमा,
(ज) यो ऐन तथा यस ऐन अन्तर्गतको नियम, मापदण्ड, निर्देशिका र कार्यविधिमा गरिएका व्यवस्था विपरीत कुनै कार्य गरेमा,
(२) कसैले उपदफा (१) को खण्ड क, ख, ग, घ, ङ, च, छ, ज विपरीतको कार्य गरेमा मुद्दा हेर्ने अधिकारीले १०,०००/- रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ।
१४. मुद्दा हेर्ने अधिकारी: यस ऐन अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको सुरू कारवाही र किनारा गर्ने अधिकार गाउँपालिकाको न्यायिक समितिलाई हुनेछ।
१५. पुनरावेदन: यस ऐन अन्तर्गत सहाय हुने कसुर सम्बन्धी मुद्दामा न्यायिक समितिले गरेको निर्णयमा चित्त नबुझे उक्त निर्णय थाहा पाएको मितिले ३५ दिन भित्र जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

## परिच्छेद-६
## विविध

१६. **अधिकार प्रत्यायोजन गर्न सक्ने**: भौगोलिक विकटताका कारण गाउँपालिकामा आवतजावत गर्न असुविधा भएको अवस्थामा गाउँपालिकाले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार सोवा रिग्पा संरक्षण समितिलाई वा सोवा रिग्पा र सोवा रिग्पालाई प्रात्यायोजन गर्न सक्नेछ।
१७. **पुरस्कृत गर्न सक्ने**: सोवा रिग्पा स्वास्थ्य सेवाको क्षेत्रमा उल्लेखनीय कार्य गरी योगदान गर्दै आएका निकाय, संस्था वा व्यक्तिलाई गाउँ कार्यपालिकाले आवश्यक मापदण्ड बनाइ पुरस्कृत गर्नेछ।

विजय

१८. **नियम, निर्देशिका, कार्यविधि, मापदण्ड, आचारसंहिता बनाई लागु गर्न सक्ने**: यो ऐनको कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मापदण्ड तर्जुमा गरी लागु गर्न सक्नेछ।

१९. **बाधा, अड्काउ फुकाउने अधिकार**: यस ऐनको कार्यान्वयनमा कुनै बाधा, अड्काउ आइपरेमा सो फुकाउने अधिकार गाउँपालिकामा रहनेछ।

२०. **बचाउ तथा खारेजी र बाझिएमा गर्ने**: (१) यो ऐन लागु हुनु भन्दा पहिले दर्ता भएका सोवा रिग्पा सेवा प्रदान गर्ने संस्था वा व्यक्ति यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरू सङ्घीय तथा प्रदेश कानुनमा गरिएका व्यवस्थाहरूसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरू निष्कृत रहने छन्।

विजय भण्डारी
अध्यक्ष

CamScanner